श्री

विशेष अदालत काठमाडौं

इजलास नं. २

सदस्य माननीय श्री नारायणप्रसाद पौडेल

सदस्य माननीय श्री हेमन्त रावल

सदस्य माननीय श्री उमेश कोइराला

संक्षिप्त फैसला

निर्णय नं ७

मुद्दा नं.: ०८१-CR-०१२२

नेपाल सरकार------------------------------------------------------------------------------वादी

विरूद्ध

प्रदिप परियारसमेत--------------------------------------------------------------------------प्रतिवादी

मुद्दाः भ्रष्टाचार (हानिनोक्सानी)।

यसमा काठमाडौं महानगरपालिकाको ठेक्का नं. 06-27-080-081-NCBW-KMC: Sewer Construction Works at Samakhusi Corridor from Basundhara to Mhepi को ठेक्का प्रक्रियामा बोलपत्र आव्हान भई पेश भएका बोलपत्र मूल्याङ्कनका लागि काठमाडौं महानगरपालिकाको कार्यालयमा सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४२ को उपनियम (१) बमोजिम मूल्याङ्कन समिति गठन भएको देखिन्छ। उक्त समितिबाट प्रथम चरणमा मिति २०८०/८/१० मा प्राविधिक प्रस्ताव खोली मिति २०८०/१०/९ मा मूल्याङ्कन गरिएको भन्ने देखिन्छ। त्यसरी मूल्याङ्कन हुँदा दुई वटा बोलपत्र पेश भएकोमा त्यसमध्येका समानान्तर निर्माण सेवा प्रा.लि.ले निर्धारित ढाँचा अन्तर्गतको नं. २.१.१ मा उल्लिखित Pending Litigation सम्बन्धी बुँदामा None भनी उल्लेख गरिएको विषयको सम्बन्धमा मूल्याङ्कन समितिबाट काठमाडौं महानगरपालिकाकै Construction of Teku Building (ठेक्का नं. ३३-१८५-०७७-०७८-NCBW-KMC ) को जिम्मेवारी प्राप्त गरेको यिनै समानान्तर निर्माण सेवा प्रा.लि. सँग भुक्तानी सम्बन्धी विवाद भई मध्यस्थता नियुक्ति प्रक्रियामा समानान्तर निर्माण सेवा प्रा.लि. स्वयंको तर्फबाट मध्यस्थता परिषदमा निवेदन परेको भन्ने आधारमा त्यसलाई Pending Litigation का रुपमा उल्लेख गर्नुपर्नेमा नगरिएकाले अनुतीर्ण गरिएको भन्ने देखिन्छ। त्यसरी प्राविधिक प्रस्तावमा अनुत्तीर्ण भएका समानान्तर निर्माण सेवा प्रा.लि. लाई आर्थिक प्रस्तावको मूल्याङ्कनमा समावेश न गरी बोलपत्र पेश गर्ने कल्पवृक्ष- कोहिनुर जे.भि. को प्राविधिक प्रस्ताव स्वीकृत गरी उक्त जे.भि. को आर्थिक प्रस्ताव खोल्ने गरी मिति २०८०/१०/९ मा मूल्याङ्कन समितिले निर्णय गरी गरी मिति २०८०/१०/१९ मा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना प्रकाशित गरी मिति २०८०/१०/२८ मा उक्त जे.भि. को आर्थिक प्रस्ताव खोलिएको भन्ने मुचुल्काबाट देखिन्छ।

समानान्तर निर्माण सेवा प्रा.लि. को हकमा अयोग्यता सृजना गर्ने खालको Pending Litigation नरहेको विषयलाई रहेको भनी बदनियत राखी अपव्याख्या गरी गराई मनसायपूर्वक गलत मूल्याङ्कन प्रतिवेदन पेश गरी कम अंक कबोल गर्ने उक्त सेवा प्रा.लि.लाई बाहेक गरी बढी अंक कबोल गर्ने कल्पवृक्ष – कोहिनुर जे.भि. संग सम्झौता गरी रु. ४,३१,७२,२८७/३२ बराबरको रकम हानी नोक्सानी तथा दुरुपयोग गरे गराएको भन्ने आरोप दावीको आधार रहेको देखिन्छ। विद्युतीय बोलपत्र आव्हान भए पश्चात बोलपत्रदाताबाट प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव अलग अलग पेश हुने र अलग अलग रुपमा मूल्याङ्कन हुने पद्दति अन्तर्गत प्राविधिक प्रस्तावमा अनुत्तीर्ण हुने बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्तावमा कबोल गरिएको अंक के कति रहेको छ भन्ने सम्बन्धमा मूल्याङ्कन समिति तथा निर्णय गर्ने अधिकारीलाई जानकारी नै नरहने कुरामा विवाद देखिँदैन। समानान्तर निर्माण सेवा प्रा.लि.बाट पेश भएको आर्थिक प्रस्ताव अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/२५ मा मात्र Login गराई उक्त प्रा.लि.ले कबोल गरेको अंक खुलाशा भएको भन्ने मुचुल्काबाट देखिन आउँछ।

यसरी प्राविधिक प्रस्तावका लागि निर्धारित ढाँचा (Standard Bidding Document) मा नै Pending Litigation को बारेमा उल्लेख गर्नुपर्ने गरी शर्त तोकिएको र काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ३४ मा बोलपत्र वा प्रस्ताव मूल्याङ्कन गर्दा "Pending Litigation on LIT-1 form भरेको" विषयलाई समेत समावेश गरिएको सन्दर्भमा समानान्तर निर्माण सेवा प्रा.लि. र काठमाडौं महानगरपालिकाबिच Construction of Teku Building at Teku-KMC (ठेक्का नं. ३३-१८५-०७७-०७८-NCBW-KMC) को बिल भुक्तानी सम्बन्धमा विवाद भई पक्षहरुबिच आपसी समझदारीबाट विवाद समाधान (amicable settlement) हुन नसकी मिति २०८०/४/७ मा मध्यस्थता परिषद समक्ष समानान्तर निर्माण सेवा प्रा.लि. स्वयंले नै औपचारिक रुपमा पत्राचार गरेको र मिति २०८०/४/१९ मा आफ्नो तर्फबाट मध्यस्थ नियुक्त गरी जानकारी गराएकोमा मिति २०८०/८/१० (११-२६-२०२३) मा Sewer Construction Works at Samakhusi Corridor from Basundhara to Mhepi सम्बन्धी बोलपत्र (प्राविधिक प्रस्ताव समेत) पेश गर्ने क्रममा आफ्नो कम्पनी र काठमाडौं महानगरपालिकाबीचको सम्झौता अनुसारको बिल भुक्तानी सम्बन्धी विवादको विषयलाई उल्लेख गर्नुपर्ने दायित्व भएका बोलपत्रदाताले सो तथ्य उजागर नगरेको आधारमा मूल्याङ्कन समितिले समानान्तर सेवा प्रा.लि. को प्राविधिक प्रस्तावलाई अनुत्तीर्ण गरेको, बोलपत्र स्वीकृत भएको कल्पवृक्ष - कोहिनुर जे.भि. उपर मुद्दा चलेको अवस्था नदेखिएको र यी प्रतिवादीहरुले उक्त जे.भि.बाट कुनै लाभ लिएको भन्ने

समेत नदेखिएको अवस्थामा कल्पवृक्ष - कोहिनुर जे.भि.को बोल पत्र स्वीकृत गरेको कार्यलाई बदनियत मान्न सकिने वस्तुनिष्ठ आधार देखिँदैन।

साथै प्राविधिक प्रस्तावमै अनुत्तीर्ण भएपश्चात आर्थिक प्रस्तावमा कबुल गरिएको अंकका बारेमा मूल्याङ्कन समिति तथा निर्णय गर्ने अधिकारीलाई जानकारी हुन नसक्ने अवस्थामा कम अंक कबोल गर्ने बोलपत्रदातालाई बाहेक गरी बढी अंक कबोल गर्ने बोलपत्रदातासँग सम्झौता गरी रकम हानी नोक्सानी तथा दुरुपयोग गरे गराएको भनी मान्न सकिने अवस्था पनि देखिएन। बोलपत्र आव्हान भई नियमानुसार बोलपत्र पेश भई कल्पवृक्ष-कोहिनुर जे.भि. नियमानुसार नै छनौट भई उक्त जे.भि. र काठमाडौं महानगरपालिकाबीच लागत अनुमान भन्दा ७.३ प्रतिशत घटीमा सम्झौता भई कार्य सूचारु भए गरेको भन्ने तथ्यलाई आरोपपत्रमा नै स्वीकार गरिएको अवस्था हुँदा कानून बमोजिम भए गरेका क्रियालाई अन्यथा संज्ञा दिन मिल्ने देखिएन।

तसर्थ, माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीहरु प्रदिप परियार, रविनमान श्रेष्ठ, शिवराज अधिकारी, वसन्त आचार्य, नमराज ढकाल, उत्तम दाहाल र जनार्दन गिरी उपरको आरोपदावी पुष्टी हुन नसकेको हुँदा निज प्रतिवादीहरुले आरोप दावीबाट सफाई पाउने ठहर्छ।

प्रस्तुत फैसलाको पूर्ण पाठ तयार गर्न समय लाग्ने हुँदा यो संक्षिप्त फैसला तयार गरिएको छ। सम्बन्धित पक्षले माग गरे नियमानुसार गरि दिनू।

सदस्य सदस्य सदस्य

इति सम्वत् २०८२ साल पुष महिना २२ गते रोज ३ शुभम्.............................................।